आज मिति २०७३ साल असोज २२ गते शनिबारका दिन प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

विशेष उपस्थिति

प्रा. तिलक शर्मा, आं. मा. का. तथा सं. मन्त्रालय, लुम्बिनी

उपस्थिति

प्र.जि.अ. श्री बन्धु प्रसाद बास्तोला, जि. प्रशा. का. बर्दिया
प्रमुख श्री सूर्य बहादुर बिष्ट, जि. स. स. बर्दिया
नगर प्रमुख श्री मुक्तिनाथ पाण्डे, गुलरिया नगरपालिका
" श्री खड्गबहादुर खड्का, बाँसगढी नगरपालिका
" श्री छविलाल थारु, बारबर्दिया नगरपालिका
" श्री तेज बहादुर कार्की, मधुवन नगरपालिका
श्री तिलकराम लम्साल, ठाकुरबाबा नगरपालिका
श्री दिपेन्द्र थापा, राजापुर नगरपालिका
उपप्रमुख श्री अमिता कुमारी पाण्डे, जि. स. स. बर्दिया
अध्यक्ष श्री हिमालय त्रिपाठी, बढैयाताल गाउपालिका
" श्री जमान सिं के.सी. गेरुवा गाउपालिका
प्र. उ. श्री वीरेन्द्र बहादुर शाही, जि. प्र. का.
स.प्र.उ. श्री जहर सिंह बुढा मगर, स. प्र. ब. नेपाल नं. ३ गण
प्र.अ.नि. श्री प्रज्वल खड्का, प्र. अं. जि. का.
महासेनानी श्री सुनिल पुनाद, वज्रदल गण पुरुवा गुल्म बर्दिया

बिना महराई उप प्रमुख ठाकुरबाबा न. पा.
रन्द्रबहादुर रावल - सचिव नेकपा (एकीकृत समाजवादी)
श्री लक्ष्मी प्रसाद शर्मा (आकाश) ने.क.पा. (माओवादी केन्द्र)
कैलाश प्रसाद अधिकारी नेपाली कांग्रेस
तेजनाथ पौडेल वडा प्रमुख बढैयाताल - ८
केशव गौतम - सञ्चार्मी - रेडियो ...
शोभा ज्ञवाली - (एमाले) - बै. सं.
बिरवत बहादुर खड्का, बबई भादा, औरही नदी व्या. आ
विश्व राज भट्ट, UNICEF Nepalganj
रूपलाल रेग्मी, UNICEF Nepalganj
डेन्जल गन्धर्व UNICEF Nepalgunj

रीता खातिवडा — UN women KTM

लक्ष्मी गिरी — व.जा.स्वा.अ. स्वास्थ्य कार्यालय बर्दिया

मोहित शर्मा — नागरिक समाज

यादव आचार्य — अध्यक्ष नेपाल पत्रकार महासंघ बर्दिया

शिवा शर्मा — कृषी पत्रकार

पुष्कला विश्वकर्मा — न.पा. बालमैत्री विषय संयोजक बारबर्दिया

अनुपम चौपाने — KMJS Nepal

प्रतिमा थापा — NGO Federation Bardiya

गोविन्द प्र. लामिछाने - रेडक्रस गुलरिया शाखा

डम्मर सुनार - कार्यकारी निर्देशक IBEE-Group

बल बहादुर राना - प्रमुख प्रशासकीय अधिकृत - गेरुवा गाउँपालिका बर्दिया

कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुर, बर्दिया

प्र.अ. श्री सीताराम अधिकारी, जि. प्रशा. का., बर्दिया

निर्णयहरु

१. मिति २०७९/०६/१८ गते रातिबाट अविरल रुपमा परेको बर्षाका कारण बर्दिया जिल्लाका विभिन्न स्थानमा भएको क्षतिका सम्बन्धमा छलफल गरियो ।

२. विपद् प्रभावितहरुलाई थप आवश्यक राहत तथा सहयोग जुटाउनका लागि उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था महासंघ, बर्दिया, युनिसेफ, प्लान इन्टरनेसनल, कारितास, केयर नेपाल, निर्माण व्यवसायी संघ समेतलाई अनुरोध गर्ने । सम्बन्धित स्थानीय तह र नेपाल रेडक्रस सोसाइटीले सोमा समन्वय गर्ने ।

३. बर्षा भइरहेकाले विपद्बाट प्रभावितहरुको एकीन विवरण प्राप्त नभइसकेकाले विवरण संकलनका लागि स्थानीय तहले स्थानीय प्रहरी तथा नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी संकलन गर्ने व्यवस्था मिलाउने ।

४. विपद्बाट भौतिक पूर्वाधारहरुमा पुर्याएको क्षतिको विवरण स्थानीय तहहरुबाट संकलन गरी सरोकारवाला निकायमा मर्मत तथा पुनःनिर्माणका लागि अनुरोध गर्ने ।

५. मिति २०७९/०५/३० देखि २०७९/०६/०१ गतेसम्म परेको अविरल बर्षाका कारण आएको आएको बाढीबाट मधुवन नगरपालिका वडा नं. १ पत्थरबोझी र वडा नं. २ कोठिया जोड्ने सडकमा रहेको ओराही खोलाको झोलुङ्गे पुल र मधुवन नगरपालिका वडा नं. २ अम्मरपुर र वडा नं. १ हुँदै ठाकुरबाबा जोड्ने सडकमा रहेको औरही खोला पुलमा ठूलो क्षति पुर्याएको मर्मत तथा पुनःनिर्माणका लागि सडक डिभिजन नेपालगंज, यातायात पूर्वाधार निर्देशनालय, बुटवल तथा सरोकारवाला निकायमा जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट अनुरोध गरी पठाएकोमा यस समितिबाट समेत निर्णय गरी पठाउने।

६. कर्णाली नदिको तल्लो तटिय क्षेत्रमा बाढीको उच्च जोखिम देखिएको तथा जिल्ला विपद् व्यवस्थापन समितिबाट सम्बन्धित जोखिम क्षेत्रका समुदायहरुलाई उच्च सतर्कता अपनाउन तथा उच्च जोखिम पहिचान भएका समुदायका व्यक्तिहरुलाई सुरक्षित स्थानमा रहन अनुरोध समेत भई सकेको अवस्थामा विश्व खाद्य कार्यक्रमको सहयोगमा संचालन भैरहेको पूर्वानुमानमा आधारित सहायता कार्यक्रमबाट प्रभावित क्षेत्रमा नगद सहयोगका लागि स्थानीय तहसँग समन्वय गरी वितरण प्रक्रिया अगाडि बढाउन र सोको जानकारी यस समितिलाई गराउन नेपाल रेडक्रस सोसाइटी, बर्दियालाई अनुरोध गर्ने ।

७. गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने बबई नदिमा निर्माण भएको जब्दीघाटको पक्की पुल विगतको बाढीबाट स्ल्याब धसिन गई क्षति भएको र साना सवारी साधनहरु चलिरहेकोमा मिति २०७९/०६/१८ गते रातिबाट अविरल रुपमा परेको बर्षाका कारण मिति २०७९/०६/२२ गतेको बाढीले स्ल्याब बगाई गुलरिया र बारबर्दिया नगरपालिका बीचको सम्बन्ध विच्छेद भएकाले यथाशीघ्र पुनःनिर्माणका लागि सरोकारवाला निकायमा अनुरोध गर्ने ।

८. स्थानीय बजारमा तयारी खाद्य सामग्रीको आपूर्ति तथा कृत्रिम अभाव हुन नदिन उद्योग वाणिज्य संघ, बर्दियाले आवश्यक सहजीकरण गर्ने ।

९. विपद्बाट मानवीय क्षति हुन नदिज पत्रकार महासंघ, बर्दियाले समयमै सूचना प्रवाहको लागि थप सहयोग तथा सहजीकरणको व्यवस्था मिलाउने ।